# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ०५ चैत्र २०८०

# सोमवार

# बैठक सङ्ख्या- १५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो ।

**(१३:१५ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, अब म, संघीय संसद, प्रतिनिधि सभा सदस्य मन्जु शर्मा अन्सारीको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

वि.सं. २०२० साल माघ १९ गते जन्मनु भएकी प्रतिनिधि सभा सदस्य मन्जु शर्मा अन्सारीको मिति २०८० साल चैत ४ गते आइतबार उपचारको क्रममा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ। स्वर्गीय अन्सारी जनता समाजवादी पार्टीको तर्फबाट २०७९ सालको प्रतिनिधि सभामा समानुपातिक सदस्यको रूपमा निर्वाचित हुनु भएको थियो। यो बैठक स्वर्गीय अन्सारीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु।

(माननीय सदस्यहरूले हात उठाएर प्रस्ताव पारित गर्नुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभा सदस्य मन्जु शर्मा अन्सारीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं।

(मौन धारण)।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल चैत ७ गते बुधबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल चैत्र ७ गते बुधबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः- १३:२० बजे ।**